# दिप्रुङ चुइचुम्मा गाउँपालिका याङसोलाटार,खोटाङ

# कर्मचारी प्रोत्साहन भत्ता निर्देशिका २०७६

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा वार्षिक रुपमा सञ्चालन हुने कार्यक्रमहरुको प्रभावकारितामा अभिवृद्धि गर्न,गाउँपालिकाको सर्वाङ्गिण विकासमा उल्लेखनीय सुधार गर्न पालिकाबाट प्रदान गरिने सेवाको प्रभावकारीतामा बृद्धि गर्न अनुगमन तथा मूल्याङकन गर्न कर्मचारीहरुलाई तोकिएको समयभन्दा अगाडी पछाडी र अन्य विदाका दिनमा समेत काम काजमा लगाउन, कामकाज र आफूलाई प्राप्त जिम्मेवारी प्रति जवाफदेही र उत्तरदायी बनाउन,सबै पक्षको वृत्ति विकास र आर्थिक समृद्धिमा सुधार ल्याउन गाउँपालिकाको नीति तथा कार्यक्रम २०७६/०७७ मा ल्याएको नीतिको कार्यन्वयन गर्न वाञ्छनीय भएकोले गाउँपालिकाले यो प्रोत्साहन भत्ता निर्देशिका २०७६ ल्याएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

१. यो निर्देशिकाको नाम " **प्रोत्साहन भत्ता निर्देशिका २०७६**" रहेको छ ।

२. यो निर्देशिका २०७६ साल श्रावण १ गते देखि लागु हुनेछ ।

**२. परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा –

(क) **"अध्यक्ष"** भन्नाले गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

(ख) **"उपाध्यक्ष"** भन्नाले गाउँपालिका उपाध्यक्ष सम्झनु पर्दछ ।

(ग) **"पदाधिकारी"** भन्नाले गाउँपालिकाका निर्वाचित पदाधिकारी सम्झनुपर्छ ।

(घ **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) **"गाउँपालिका"** भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिका र अन्तर्गतका वडा कार्यालय समेतलाई सम्झनु पर्दछ ।

(च) **"कार्यपालिका"** भन्नाले गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(छ) **"वडा"** भन्नाले गाउँपालिकाका वडाहरु  सम्झनु पर्दछ ।

(ज) **"वडा अध्यक्ष"** भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनु पर्दछ ।

(झ) **"वडा सचिव"** भन्नाले गाउँपालिकाको वडा सचिवलाई सम्झनु पर्दछ ।

(ञ) **"बैठक"** भन्नाले गाउँपालिका वा पालिका अन्तर्गत रहेका प्रशासनिक र विषयगत शाखावाट संचालित बैठक समेतलाई सम्झनुपर्छ ।

(ट) अनुगमन भन्नाले योजना तथा कार्यक्रमको अनुगमन सम्झनु पर्छ ।

**३. प्रोत्साहन भत्ता प्राप्त गर्ने आधारहरु देहाय बमोजिम हुनेछन् ।**

(क) गाउँपालिका वा गाउँपालिका अन्तर्गत कार्यरत हुनुपर्दछ ।

(ख) आफु कार्यरत स्थानमा कम्तिमा २३ दिन हाजिर हुनु पर्दछ ।

(ग) वडा कार्यालयमा कार्यरत वडा सचिवहरुले वडा अध्यक्षबाट हाजिर प्रमाणित गराउनु पर्नेछ ।

(घ) वडामा कार्यरत कर्मचारीलाई गाउँपालिका कार्यलय वा अन्तरगत कामकाजमा लगाएमा कार्यालयमा कार्यरत भएको मानिने छ ।

(ङ) कारबाहीमा परेको कर्मचारीले प्रोत्साहन भत्ता पाउने छैन ।

यी माथिका प्रावधानहरु मध्ये खण्ड (ख) को प्रावधान प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्षको सवारी चालकले पूरा गर्नु पर्ने छैन ।

**४. प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरु :-**

(क) प्रमुख प्रशासकीय अधिकृत

(ख) गाउँपालिकाको कार्यलयमा कार्यरत प्रशासन शाखाका कर्मचारीहरु

(ग) गाउँपालिकाको कार्यालयमा कार्यरत प्राविधिक शाखाका कर्मचारीहरु

(घ) सूचना प्रविधि शाखामा कार्यरत कर्मचारीहरु

(ङ) विषयगत शाखाका संयोजकहरु

(च) वडा कार्यालयका वडा सचिवहरु

**५. प्रोत्साहन भत्ता प्राप्त गर्ने स्रोत :-**

क) गाउँसभावाट विनियोजित चालु वजेट ।

ख) योजनाको संचालन खर्च वापत तोकिएको ४% कन्टिजेन्सीबाट प्राप्त हुने रकम ।

**६. प्रोत्साहन भत्ता :-**

(क) प्रोत्साहन भत्ता कार्यरत पदमा खाइपाइ आएको तलवको ५० % ले प्रदान गरीनेछ ।

(ख) प्रोत्साहन भत्ता मासिक तलव भत्ता वितरण गर्दा सगैं वा अन्य समयमा समेत वितरण गर्न सकिनेछ ।

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको मिति २०७६/०७/२२ गते को गाउँ कार्यपालिकाको बैठकबाट पारित कर्मचारी प्रोत्साहन भत्ता निर्देशिका २०७६ नियमानुसार प्रमाणित गर्दछु

भुपेन्द्र राई
अध्यक्ष